# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**शंकरपुर, कञ्चनपुर**

**स्थापित: २०७३**

प.सं. २०८०/०८१ (रोजगार शाखा)

च.नं. ११०८

**सुदूरपश्चिम प्रदेश, नेपाल**

लालझाडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शंकरपुर, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल स्थापित–२०७३

**मिति: २०८०/११/३०**

**ने.स. ११४४**

**श्री सबै वडा कार्यालय (१ देखि ६)**
**लालझाडी गाउँपालिका**

**बिषय: संकलित बेरोजगार आवेदन उपर आवश्यक छानबिन सम्बन्धमा ।**

उपरोक्त बिषय सम्बन्धमा रोजगारीको हक सम्वन्धी ऐन,२०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सँञ्चालन निर्देशिका,२०७५ (दोस्रो संशोधन २०७८) को दफा १८ बमोजिम आगामी आर्थिक बर्ष २०८१/८२ का लागि न्यून आय भएका वा रोजगार समेत नरहेका १८ देखि ५९ बर्ष उमेर समूहका ईच्छुक बेरोजगार नागरिकले २०८० फागुन १ देखि फागुन मसान्त सम्म आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिन हुन बारेको सूचना प्रकाशित गरिएको व्यहोरा विदितै छ । यस निर्धारित समय भित्र रीत पुर्वक संकलन भएका निवेदन उपर वडा कार्यालयले यसै पत्र साथ संलग्न बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण तथा मार्गदर्शन २०७६ को दफा ३, ४ र ५ मा आधारित भई आवश्यक प्रकिया पुरा गरी यथाशिघ्र सोको विवरण यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा पठाइदिन हुन अनुरोध छ ।

.................................
**राज बहादुर सार्की**
**प्रमुख प्रशासकीय अधिकृत**

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

Website: www.laljhadimun.gov.np Email Address: info@laljhadimun.gov.np/ito@laljhadimun.gov.np

# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर, कञ्चनपुर

प.सं. २०८०/०८१ (रोजगार शाखा) स्थापित: २०७३

च.नं. —

सुदूरपश्चिम प्रदेश, नेपाल


## बेरोजगार सूची निर्धारण तथा प्राथमिकरणका आधारहरु

### ❖ बेरोजगार सूची निर्धारण तथा प्राथमिकरण तथा मार्ग निर्देशन २०७६ दफा ३

- निवेदन दिंदाको मिति सम्म सोही आर्थिक वर्षमा न्यूनतम एकसय दिनको रोजगारीमा संलग्न नभएको
- निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम एकसय दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको रु. (६६८००)।
- १८ देखि ५९ वर्ष उमेर समुहको।
- पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको।

### ❖ बेरोजगार सूची निर्धारण तथा प्राथमिकरण तथा मार्ग निर्देशन २०७६ को दफा ४

- निवेदकले तोकिएको समयभित्र आवेदन फाराममा भएका सबै विवरण भरी हस्ताक्षर सहितको फाराम आफ्नो स्थायी बसोबास भएको वडा कार्यालयमा बुझाउनु पर्ने।
- आवश्यक विवरण र कागजात पुरा गरी प्राप्त भएका निवेदनलाई वडा कार्यालयले दर्ता गरी संकलन गर्नु पर्ने।
- संकलित निवेदनको वडा कार्यालयले प्रारम्भिक छानविन गरी वेरोजगार ठहर हुन आवश्यक मापदण्ड पुरा गर्ने व्यक्तिहरुको सूची तयार गर्नु पर्ने।
- प्रारम्भिक छानविनका क्रममा निवेदकबाट फाराममा उल्लेख भए बमोजिमको सम्पूर्ण विवरण प्राप्त भएको नपाइएमा वा प्राप्त विवरणहरु अपूर्ण भएमा वा आवेदक बेरोजगार भए/नभएको जानकारी स्पष्ट हुन नसकेमा वडा कार्यालयले निवेदकबाट आवश्यक थप विवरणहरु माग गर्ने।
- थप विवरण माग गर्दा समेत सम्बन्धित व्यक्तिले सबै विवरणहरु उपलब्ध नगराएमा वडा कार्यालयले निजको निवेदनलाई अपूर्ण भएको मानी सो उपर कुनै कारवाही अघि नबढाउन सक्नेछ।
- अपूर्ण वा कारवाही रोकिएको निवेदनका सम्बन्धमा सम्बन्धित वडाले सार्वजनिक सूचना प्रकाशन गरी वा सम्वन्धित व्यक्तिलाई सम्पर्क गरी जानकारी दिनु पर्ने।

### ❖ बेरोजगार सूची निर्धारण तथा प्राथमिकरण तथा मार्ग निर्देशन २०७६ को दफा ५

- दफा ४ बमोजिम प्रारम्भिक छानविन गरी तयार पारेको बेरोजगार ठहर हुन मापदण्ड पुरा गर्ने व्यक्तिहरुको निवेदन सहितको सूची वडा समितिबाट निर्णय गराई वडा अध्यक्षको सिफारिस सहित रोजगार सेवा केन्द्रमा पठाउनु पर्नेछ।

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत